Phone No:076550383
Google + Code: M5QF+48

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगंगा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०८०।८१

चलानी नं.:

वन, वातावरण, विपद् तथा फोहोरमैला व्यवस्थापन शाखा

समृद्धिका लागि वन परियोजना

प्रथम पटक प्रकाशित मिति २०८०/१०/१५

सार्वजनिक जग्गामा वृक्षारोपण अनुदानको लागि दरखास्त पेश गर्ने सम्बन्धी सुचना ।

उपरोक्त सम्बन्धमा यस बाणगंगा नगरपालिकाको आ.व. २०८०/८१ मा सञ्चालन भईरहेको समृद्धिको लागि वन कार्यक्रम अन्तर्गत सार्वजनिक जग्गामा वृक्षारोपणका लागि अनुदान कार्यक्रम (महिला, दलित तथा विपन्न वर्गलाई प्राथमिकता) कार्यान्वयनको लागि यस पालिकाको विभिन्न टोलमा रहेका सार्वजनिक जग्गामा वृक्षारोपण तथा संरक्षण कार्यक्रममा सहभागी हुन इच्छुक समुह, धार्मिक स्थल/संघ संस्था, विद्यालय, सार्वजनिक वन उपभोक्ता समुह वा सार्वजनिक/निजी संस्थाहरूले आफुले रोप्न चाहेको वहु-उपयोगी मिश्रित प्रजातिहरु छनौट गरी (८०० विरुवा नघट्ने गरि कम्तिमा ०.५ हे. क्षेत्रफलमा) यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०८०/११/१५ गते सम्म) उल्लेखित कागजात संलग्न राखि सम्वन्धित वडा कार्यालय वा यस नगर कार्यपालिकाको कार्यालयको वन, वातावरण, विपद् तथा फोहोरमैला व्यवस्थापन शाखामा पेश गर्नुहुन अनुरोध छ।

आवश्यक कागजातहरु:

१. निवेदन (वृक्षारोपण गर्न ईच्छुक प्रजातिहरु, संख्या र अनुमानित क्षेत्र खुलाई)
२. समवन्धित जग्गा व्यवस्थापन गर्नका लागि आम भेला बाट गठन भएको उपभोक्ता समुहको निर्णयको प्रतिलिपी ।
३. उल्लेखित स्थानमा माटो तथा जल संरक्षण र वृक्षारोपण स्थापना गर्न ईच्छुक समुहले यस कार्यक्रममा भाग लिन चाहेको निर्णयको प्रतिलिपि।

सार्वजनिक जग्गामा वृक्षारोपण गरे बापतको अनुदान रकम स्वीकृत तीन बर्षे लागत अनुमानको ९० प्रतिशतले हुन आउने परिमाण सम्वन्धितलाई उपलब्ध गराईने छ। कार्य सम्पादनको आधारमा उपलब्ध गराईने यो रकम तीन वर्षमा भुक्तानी हुनेछ । वृक्षारोपण कार्यक्रमको पहिलो वर्ष ८० प्रतिशत, दोस्रो वर्ष १० प्रतिशत र तेस्रो वर्षमा बाँकी १० प्रतिशतले हुन आउने रकम सम्बन्धित सार्वजनिक जग्गा व्यवस्थापन समुहलाई उपलब्ध गराईने छ ।

पुनश्चः विस्तृत जानकारीको लागि बाणगंगा नगरपालिकाको वन, वातावरण, विपद् तथा फोहोरमैला व्यवस्थापन शाखामा (९८६०९५३०१२) सम्पर्क गर्नुहुन अनुरोध छ।

नविन पाण्डे
बन प्राविधिक